फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

(प्रथम पटक प्रकाशित मिति २०७५।०८।१२ गते )

यस गाउँपालिकाको आ.व. २०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत निम्नानुसारका जनशक्ति आवश्यकता भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदनको लागि दरखास्त आह्वान गरिएको छ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

| क सं | विज्ञापन नम्बर | पद | आवश्यक संख्या |
|---|---|---|---|
| १ | ०८/२०७५-७६ | सहायक कम्प्युटर अपरेटर (करार) | ५ |
| २ | ०९/२०७५-०७६ | सब – इन्जिनियर (सिभिल/आर्किटेक) (करार) | १ |

१. **दरखास्त दिने अन्तिम मितिः-** मिति २०७५।०८।२६ गते कार्यालय समय भित्र (सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र)

२. **दोव्वर दस्तुर तिरी दरखास्त दिने मितिः-** २०७५।०९।०३ गते कार्यालय समय भित्र

३. **दरखास्त फारम पाउने स्थानः** फेदाप गाउँ कार्यपालिकाको कार्यालय, पोक्लवाङ, तेह्रथुम वा यस गाउँपालिकाको वेवसाईट http://www.phedapmun.gov.np बाट Download गर्न सकिनेछ ।

४. **आवश्यक न्यूनतम योग्यताः**

क. **सहायक कम्प्युटर अपरेटरको हकमाः-** मान्यता प्राप्त शिक्षण संस्थावाट कम्प्युटर विषय लिई एस.एल.सी/एस.ई.ई. वा सो सरह उर्तिर्ण । वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी/एस.ई.ई. वा सो सरह उर्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी/एस.ई.ई. वा सो सरह उर्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Semi Skileed Man Power को लागि सञ्चालित तीन महिनाको कम्प्युटर तालिम प्राप्त

ख. **सब-इन्जिनियर (सिभिल/आर्किटेक)को हकमाः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चरल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उर्तीर्ण ।

५. **संलग्न गर्नु पर्ने कागजातहरुः** शैक्षिक योग्यताको प्रमाण पत्र, व्यक्तिगत विवरण (Bio Data), नेपाली नागरिकताको प्रमाणपत्र, कार्यानुभव, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।

६. **दरखास्त दिने तरिकाः** बुँदा नं. ४ मा उल्लिखित कागजातहरु स्वयं प्रमाणित गरी एवं. बुँदा नं. ७ मा तोकिएको दस्तुर यस गाउँपालिकाको आर्थिक प्रशासन शाखा वा नेपाल बैंक लिमिटेड, तेह्रथुममा रहेको संचित कोष खाता नं. ०५४०३०००००००४००१०१२ मा जम्मा गरी सक्कल भौचर साथ रीतपुर्वकको आवेदन फारम भरी हुलाक, इ-मेल मार्फत वा स्वयं उपस्थित भई आवेदन दिनुपर्नेछ । अन्तर्वार्ताको दिन सवै प्रमाणपत्रहरुहरुको सक्कलै प्रति लिई उपस्थित हुनुपर्नेछ ।
(नोटः विदेशी वोर्डबाट उर्तिर्ण गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।)

७. **दस्तुरः** क. सहायक कम्प्युटर अपरेटरको हकमाः- रु. ३००
ख. सव – इन्जिनियरको हकमाः- रु. ४००

८. **तलब सुविधा (मासिक)** १. सहायक कम्प्युटर अपरेटरको हकमा नेपाल सरकारले निर्धारण गरेको रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह
२. सव – इन्जिनियरको हकमा नेपाल सरकारले निर्धारण गरेको रा.प. अनं. प्रथम श्रेणी वा सो सरह

९. **परीक्षाको किसिमः** लिखित, कम्प्युटर सीप परीक्षण/प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता दुवै पदको हकमा लागु हुनेछ ।

१०. **परिक्षाको मितिः** गाउपालिकाको कार्यालयले अर्को सूचना प्रकाशित गरी निर्धारण गरेबमोजिम हुनेछ ।

११. **उम्मेदवारको उमेर हदः** दरखास्त दिने अन्तिम मितिसम्ममा पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

१२. **थप जानकारीका लागिः-** सम्पर्क नं. ९८५२०८०६००, ९८४२३८००३६ ,९८५२०३५६७७ र इमेलः fedap.ruralmun@gmail.com

१३. **नोटः** यस सूचनामा उल्लेख भए बाहेकका विषयहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको पदपुर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

संयोजक

परिक्षा समिति

**सुमन लिङदेन (लिम्बु)**

**प्रमुख प्रशासकीय अधिकृत**